# कक्षा ११ मा नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिकसत्र २०८३/८४ का लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा ११ मा अनुशासित वातावरणमा गुणस्तरीय शिक्षा हासिल गर्न इच्छुक सैनिक तथा गैह-सैनिकतर्फका योग्य र जेहेन्दार विद्यार्थीहरुबाट निम्नलिखित महाविद्यालयहरुमा आवेदन फाराम आव्हान गरिन्छ । आवेदन फाराम निर्धारित शुल्क तिरी सम्बन्धित महाविद्यालयबाट वा वेबसाइट मार्फत् प्राप्त गर्न सकिनेछ । सम्पूर्ण महाविद्यालयहरुको प्रवेश परीक्षा भौतिक उपस्थितिमा सञ्चालन हुनेछ ।

| महाविद्यालयको नाम | वेबसाइट | फोन नं. | समूह |
|---|---|---|---|
| सैनिक आवासीय महाविद्यालय, भक्तपुर | www.bsamv.edu.np | ०१-६६१०८७२ | विज्ञान, व्यवस्थापन (Day & Morning Shift), मानविकी (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, पोखरा | www.sampokhara.edu.np | ०६१-५७७७४६ | विज्ञान र व्यवस्थापन (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, धरान | www.samdharan.edu.np | ०२५-५३६१५५ | विज्ञान र व्यवस्थापन (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, सुर्खेत | www.sams.edu.np | ०८३-५२५५९१ | विज्ञान र व्यवस्थापन (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, कैलाली | www.samt.edu.np | ०९१-५९११९५ | विज्ञान र व्यवस्थापन (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, चितवन | www.samc.edu.np | ०५६-५८३८०३ | विज्ञान र व्यवस्थापन (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, बर्दिबास | www.sambm.edu.np | ०४४-५९०१०३<br>९८५४०३००७० | व्यवस्थापन (Morning Shift) |
| विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय, विजेश्वरी, काठमाडौं | www.bgmsm.edu.np | ०१-५३७१४९८ | विज्ञान र व्यवस्थापन (Day Shift) |
| रिपुमर्दिनी सैनिक महाविद्यालय, बांसबारी, काठमाडौं | www.rsmv.edu.np | ०१-४३७४३३५ | विज्ञान र कानून (Day Shift) |

**विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा छात्रा विद्यार्थीहरुका लागि मात्र आवेदन आव्हान गरिएको छ ।**

**सैनिक तथा गैह-सैनिक कोटामा आवेदन दिनका लागि आवश्यक पर्ने न्यूनतम योग्यता र अध्ययन-अध्यापन हुने विषयहरुको जानकारी सम्बन्धित महाविद्यालयको सूचनापाटी, फेसबुक पेज वा वेबसाईटबाट पनि प्राप्त गर्न सकिनेछ ।**

**आवेदन फारामका साथ पेश गर्नुपर्ने कागजातहरू:**

१. एस.ई.ई. परीक्षाको ग्रेडसिट तथा विद्यालयबाट उमेर खुलेको सिफारिस पत्र / चारित्रिक प्रमाणपत्रको प्रतिलिपि - १

२. एस.ई.ई. परीक्षाको प्रवेशपत्रको प्रतिलिपि - १

३. स्थानीय पञ्जीकाधिकारीबाट जारी जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि - १

४. हालसालै खिचिएको तस्वीर - २ प्रति (पासपोर्ट साइजको १ र अटो साइजको १) ।

५. बहालवाला सैनिकका छोराछोरीको हकमा सम्बन्धित युनिटका पतिद्वारा निजको सहोदर छोरा वा छोरी हो भन्ने बारेको सिफारिसपत्र - १ वा भू.पू. सैनिकका छोराछोरीको हकमा पेन्सनपट्टाको प्रतिलिपि - १

**नोट :** (क) सैनिक महाविद्यालयहरुबाट एस.ई.ई. उत्तीर्ण विद्यार्थीहरू लगायत सम्पूर्ण उम्मेदवारहरुले महाविद्यालयको कक्षा ११ मा अध्ययन गर्न अनिवार्य रूपमा प्रवेश परीक्षामा सरिक भइ छनौट भएको हुनुपर्नेछ ।

(ख) सैनिक सकलदर्जा तथा स्टाफ कोटातर्फ एक दम्पति, एक सन्तती, एक तह (कक्षा १ देखि १०, कक्षा ११-१२ र स्नातक) को नीति कायम गरिएकोले कुनै हिताधिकारीको एक जना सन्ततीले एक तहमा दर्जागत सहुलियतमा अध्ययन गरे पश्चात् सोही तहमा दोस्रो सन्तानलाई सहुलियत प्रदान गरिने छैन तर गैह-सैनिक सरह पूर्ण शुल्क तिर्ने गरी अध्ययन गर्न चाहेमा भने मौका प्रदान गर्न सकिनेछ ।

(ग) अन्य शर्तहरु महाविद्यालयले तोके बमोजिम हुनेछन् ।

**प्रवेश परीक्षा सम्बन्धी कार्यक्रम**

| सि.नं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | आवेदन फाराम वितरण तथा दर्ता | मिति २०८३।०१।३० गतेदेखि २०८३।०२।०८ गतेसम्म (सार्वजनिक बिदाको दिन समेत) | विहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म | सम्बन्धित महाविद्यालय |
| २ | लिखित प्रवेश परीक्षा | मिति २०८३।०२।१० गते | अपरान्ह १:०० बजे | |

अन्य विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सकिनेछ ।

- प्रिन्सिपल